“सबै नेपालीहरु प्रभुमा बाँचुन्, परमेश्वरको ज्ञानमा बढून्, र महान आज्ञा पूरा गर्न मिशनको कार्यमा सहभागी होऊन्”

# बप्तिस भ्वाईस

The Baptist Voice

वर्ष ५ अंक १ | त्रैमासिक पत्रिका | जनवरी-मार्च, २०१५

## एक दिने बाल कार्यक्रम सम्पन्न



सहभागी बालबालिकाहरुसँग ने.ब.बा.सं. संयोजक सरोज राई ।

२०१५ फेब्रुवरी १७ तारिखका दिन शालिम बप्तिस मण्डली, लक्ष्मीमार्ग, मोरङ्गमा एक दिने बाल कार्यक्रम सम्पन्न भएकोछ । उक्त बाल कार्यक्रममा बाल संगतिका शिक्षक-शिक्षिका, इसाई समाजका समिति सदस्यहरु, पास्टर-अगुवाजनहरु र ८ विभिन्न मण्डलीहरुबाट ५० भन्दा बढि बालबालिकाहरुको उपस्थिति रहेको थियो ।
यस कार्यक्रममा सहभागी बालबालिकाहरुलाई प्रोत्साहन गर्नको निम्ति हाजिरी-जवाफ प्रतियोगिता, बाइबल पद कण्ठष्ट प्रतियोगिता, प्रतिभा प्रस्तुती, Face Painting, Bible Cartoon Show, Kids Game, जस्ता कृयाकलापहरु संचलान गरिएको थियो । यस कार्यक्रममा स्थानिय मण्डलीहरु-बेलबारी बप्तिस मण्डली, शालिम बप्तिस मण्डली, विराटचौक बप्तिस मण्डली, विलिभर्स चर्च (बेलबारी), वरदान चर्च, पेन्टिकोस्टल चर्च (बाहुनी), अनुग्रह प्रार्थना भवन, नमुना चर्चबाट बालबालिकाहरु सहभागी हुन आएका थिए । बाँकी पृष्ठ नं. ४

## VBYF को नयाँ समिती चयन



***अधिवेशनमा सहभागीहरु ।***

मार्च १४, २०१५ मा उपत्यका बप्तिस युवा संगतिको अधिवेसन सम्पन्न भएकोछ । सैंबु ललितपुर स्थित शक्तिशाली बप्तिस मण्डलीमा सम्पन्न भएको उक्त अधिवेशनले तत्कालिन समितिको बिगठन गरी सर्वसहमतिले नयाँ समिति चयन गरेकोछ । उपत्यकाका बिभिन्न बप्तिस मण्डलीहरुको युवा अगुवाहरु, स्थानिय बप्तिस मण्डलीका पाष्टर तथा अगुवाहरु, मध्यमाञ्चल क्षेत्रीय बप्तिस युवा संगतिका कार्यवाहक अध्यक्ष श्री शंकर रसिक तथा नेपाल बप्तिस युवा संगतिका अध्यक्ष श्री तुल्सी प्रसाद शिवाकोटी र सचिव श्री कमल शिवाकोटी समेतको उपस्थितिमा निवर्तमान् अध्यक्ष एस्तर भट्टराई दाहालले तीन वर्षे कार्यकालको प्रतिवेदन प्रस्तुत गर्नुका साथै तत्कालिन समिति विगठन गर्नुभएको थियो । नयाँ निर्वाचित समितिमा अध्यक्ष पाष्टर प्रेमनारायण भट्टराई, शक्तिशाली बप्तिस मण्डली; उपाध्यक्ष श्री चित्र रुम्बा, आषिश बप्तिस संगति; सचिव श्री इसाक राई, लिभिङ्ग बप्तिस मण्डली नखिपोट; कोषाध्यक्ष सुश्री मनिषा दास, काठमाण्डौ बप्तिस मण्डली; सहसचिव श्री बाँकी पृष्ठ नं. २

## नेपाल बप्तिस महिला संगतिको दशौं अधिवेशन सम्पन्न



*अधिवेशनका सहभागीहरु सामुहिक तस्विर खिचाउँदै ।*

नेपाल बप्तिस महिला संगतिको १० औं अधिवेशन सन् २०१५, फेब्रुवरी २४ देखि २६ तारिख सम्म बेथानी बप्तिस मण्डली, बुटवलमा भव्यताको साथ सु-सम्पन्न भएकोछ । -“त्यहिनै.....एबेन-एजेर भन्ने नाउँ राखे । परमप्रभुले यहाँसम्म हामीलाई सहायता गर्नुभयो ।” (१ शमूएल ७:१२) प्रशंगमा संचालित उक्त कार्यक्रममा नेपाल भरी रहेका १५० भन्दा बढी बप्तिस मण्डली र संगतिहरुबाट प्रतिनिधित्व गर्दै २८० जना भन्दा बढी दिदी-बहिनीहरुको सहभागिता रहेको थियो । यस कार्यक्रमका प्रमुख वक्ताका रुपमा नेपाल बप्तिस मण्डली परिषद्का मिशन निर्देशक रेभ. पा. विजय थापा रहनुभएको थियो । यसै गरि महासचिव रेभ.पा. जीरमान राई ज्यूले संशोधित विधान र कर्मचारी नियमवालीको प्रस्तुती गर्नुभएको थियो । साथै उत्साहको वचन पनि बाँड्नु भएको थियो । नेपाल बप्तिस महिला संगतिको यस १० औं अघिवेशनमा महिला संगति विभागको वार्षिक प्रतिवेदन, आर्थिक विवरण, संशोधीत विधान र कर्मचारी नियमवालीको प्रस्तुती साथै नयाँ समिति पनि गठन गरिएको थियो । यस अघिवेशनमा पुरानो समिति बिघटन गरी सर्वसहमतिमा नयाँ समिति चयन गरिएको थियो । नयाँ समितिमा निम्न व्यक्तिहरु रहनुभएकोछ । अध्यक्षः मिना गलामी (थापा), बुटवल बेथानी बप्तिस मण्डली, बुटवल उपाध्यक्षः चन्द्रकला राई, सियोन बप्तिस मण्डली, उदयपुर सचिवः शान्ति राई (सुब्बा), महिमा बप्तिस मण्डली, काठमाडौं बाँकी पृष्ठ नं. ४



## महिला संगतिको गतिविधिहरु



*सम्मेलनमा सहभागीहरु वचन सुन्दै ।*

जनवरी ५-७, २०१५ मा खोटाङ्ग एकता बप्तिस महिला संगतिको दोस्रो सम्मेलन बाक्सिला बप्तिस मण्डली, खोटाङ्गमा सम्पन्न भएकोछ । सम्मेलनको प्रशंग “उच्च चरित्र भएकी पत्नी....मानिक भन्दा पनि अति नै बढ़ी मूल्यकी हुन्छिन्” हितोपदेश ३१:१० थियो । यस सम्मेलनका प्रमुख वक्ताको रुपमा नेपाल बप्तिस महिला संगतिका सचिव शान्ती सुब्बा राई रहनुभएको थियो । प्रशंगमा रहि उहाँले पवित्र बाइबल धर्मशास्त्रबाट स्थानीय दिदी-बहिनीहरुको बिचमा वचनको सेवकाई गर्नु भएको थियो । यसै गरि पूर्वाञ्चल क्षेत्रिय महिला संगतिका सचिव युनिस राई ज्यूले पनि वचनको सेवकाई गर्नुभएको थियो । यस सम्मेलनमा खोटाङ्ग जिल्लाका १३ वटा बप्तिस मण्डली र संगतिहरुबाट पाष्टर अगुवाहरु सहित २८० जना भन्दा बढ़ी दिदी-बहिनीहरुको उत्साहपूर्ण सहभागिता रहेको थियो । यसैगरि जनवरी २७-२८, २०१५ मा पशिचमाञ्चल क्षेत्रिय महिला संगतिको आयोजनामा दुई दिने सम्मेलन मुक्ति बप्तिस मण्डली, पृथ्वी बस्ती नवलपरासीमा सम्पन्न भएको छ । उक्त कार्यक्रमको प्रशंग “सौन्दर्य भ्रमात्मक हुन्छ....परमेश्वरको भय मान्ने स्त्रीको नै प्रशंसा गरिनुपर्छ”, हितोपदेश ३१:३०, रहेको थियो भने प्रमुख वक्ताको रुपमा महिला संगति सचिव शान्ति सुब्बा राई रहनुभएको थियो । यसै गरि महिला अध्यक्ष मिना गलामी (थापा), नेपाल बप्तिस मण्डली परिषद्का उपाध्यक्ष रेभ.पा. कृष्ण प्रसाद त्रिपाठी, पशिमाञ्चल क्षेत्रिय बप्तिस मण्डली संघका अध्यक्ष पा. चित्र गुरुङ्ग ले पनि वचनको सेवाकाई गर्नुभएको थियो । उक्त सम्मेलनमा पशिमाञ्चलका विभिन्न बप्तिस मण्डली र संगीहरुबाट १५० जना भन्दा बढ़ी दिदी-बहिनीहरुको सहभागिता रहेको थियो ।



*सम्मेलनको अन्त्यमा सामुहिक तस्विर खिचाउँदै ।*

# सम्पादकीय

## मिलाप, मिलाप फेरि पनि मिलाप

साधारण भाषामा मिलाप भनेको मिल्नु हो । यसको शब्दार्थहरु सन्धी गर्नु, स्वीकार गर्नु, आफ्ना केहीकुरा छोडेर वा त्यागेर आउनु, आदि हुन्छ। कुनै पनि समस्याको समाधान मिलाप बिना सम्भव छैन । मिलापले विकास र संवृद्धिका बाटोहरु खुलाउँछ। वर्तमान समयको प्रमुख माग अनि आवश्यता हो मिलाप । आज हामी अशान्ति, मुल्यवृद्धि, गरिवी, भ्रष्टचार, विभेद, आदिको विषयमा सुनीरहेकाछौ, भोगीरहेकाछौ र देखिरहेकाछौ । आखिर यी सब किन ? व्यक्ति वा संस्था पिच्छे फरक फरक कारणहरु होलान् । यसको मुख्य चुरो भनेको पाप हो । पापको कारण सृष्टिकर्ता परमेश्वरसँगको हाम्रो मिलाप टुटेको छ। मानिसको लागि सबैभन्दा महत्वपूर्ण सम्बन्ध परमेश्वरसँगको मिलाप हो। जसरी शरिरको बाह्य अङ्ग भन्दा भित्री अङ्ग महत्वपूर्ण हुन्छ र बाह्य अङ्ग जतिनै मजबुत भएतापनि भित्री अङ्ग कमजोर छ भने बाह्यरुपमा स्वस्थ्य देखिनुको कुनै अर्थ हुदैंन । ठीक यस्तैगरि प्रत्येक व्यक्तिको आत्मा महत्वपूर्ण हुन्छ र परमेश्वरसँगको मिलापमा छैन भने अरु केही अर्थको रहदैन। परमेश्वरसँग मिलापमा रहेकाले नै अरुहरुसँग मिलापमा रहन, मिलापमा ल्याउन र मिलापको बारेमा बताउन सक्छन् । परमेश्वरसँगको टुटेको सम्बन्धलाई मिलापमा ल्याउन येशू ख्रीष्ट क्रूसमा टाँगिनुभयो । यसैकारण विश्वासद्वारा हाम्रा प्रभु येशू ख्रीष्टद्धारा परमेश्वरसँग हाम्रो मिलाप भएको छ (रोमी ५:१) । हामीलाई ख्रीष्टद्वारा आफुसँग मिलापमा ल्याउनुभयो । यति मात्र नभई मण्डलीलाई मिलापको सेवा दिनुभयो । मिलाप गराउने कामको सन्देश उहाँले मण्डलीलाई सुम्पिदिनुभयो । (२को.५:१८,१९) यही सन्देशलाई जब हामी ग्रहण गर्दछौँ तब परमेश्वरसँग मिलाप हुदँछ। मिलापले पुराना कुराहरु छोडीदिन्छ, नयाँ आशा उत्पन्न गराउँछ। यहि मिलापद्वारा नै परिवारमा, समाजमा, राष्ट्रमा अनि पृथ्वीको पल्लो छेऊसम्म शान्ति र मिलाप फैलिन्छ। हामीले २०७१ सालमा चिताएका वा नचिताएका कुराहरु हाम्रो जीवनमा कति पूरा भए होलान् र कति भएनन् । एकचोटि हामी आफैलाई नम्रताका साथ फर्केर हेरौं के हामी मिलापमा रहन सकेका थियौ ? के हामीले कसैलाई मिलापमा ल्याउन सकेका थियौ ? मिलापको सन्देश बताउन सक्यौ ? "...ख्रीष्टका मासुको शरीरमा उहाँको मृत्युद्वारा तिमीहरुलाई उहाँले अब मिलापमा ल्याउनुभएको छ ।"(कलस्सी १:२२) विश्वासी विश्वासीमा, व्यक्ति व्यक्तिमा, अगुवा अगुवामा, मण्डली मण्डलीमा र राष्ट्र राष्ट्रमा । "तिम्रो भेटी त्यही वेदीको सामु छोड र जाउ । पहिले आफनो भाईसँग मिलाप गर र त्यसपछि आएर आफनो भटी चढाऊ ।" (मत्ती ५:२४) हामी आफैलाई, परिवार, समाज र राष्ट्रलाई अनन्त विन(ाशदेखि बचाउन र शान्तिको जीवन र विकासको लागि हामी परमेश्वरसँग मिलापमा रहनुपर्छ र त्यस्तै मिलापमा आफ्ना मानिसहरुसँग निरन्तर रहिरहनु पर्दछ ।

नयाँ वर्ष २०७२ मा परमेश्वरले हामी सबैलाई मिलापमा रहने शक्ति समार्थ्य दिऊन्, यहाँहरु सबैलाई यहि छ शुभकामना ।

## VBYF को नयाँ समिती....

रबिन घिमिरे, झरुवारासी बप्तिस संगति; सदस्यहरुमा सुश्री कल्पना लामा, लिभिङ्ग बप्तिस मण्डली ठैब; सुश्री रेनी राई, सामदान बप्तिस मण्डली गंगबु; सुश्री जीना पुन, लिभिङ्ग बप्तिस मण्डली धुम्बाराही र श्री संजय कपाली, धापाखेल बप्तिस मण्डली ललितपुर रहनुभएका छन् । उक्त समितीको कार्यकाल आगामी तीन वर्षको हुनेछ । सन् २००२ शुरु भएको यस संगतिले काठमाण्डौ, ललितपुर, भक्तपुर र काभ्रेमा रहेका १८ वटा बप्तिस मण्डली र संगतिहरुका युवाहरुका बिचमा साझा संगति प्रदान गर्दछ।

## बहुउद्देश्यीय सामुदायिक विकास सेवाको गतिविधिहरु

हाल बहुउद्देश्यीय सामुदायिक विकास सेवाले ३ वटा परियोजना संचालन गरी रहेको छ: चेस्ट, चेप, र हेल्प जनवरी-मार्च, २०१५ अवधिमा गरिएको गतिविधिहरुको विवरण:

**१. स्वास्थ्य अभिमुखीकरण तालिम:**

दाउन्ने देवी गा.वि.स. नवलपरासीमा चैत्र ८-१० गते स्वास्थ्य अभिमुखीकरण तालिम संचालन गरिएको थियो । सो तालिममा स्वस्थ्य तथा सरसफाईका आधारभूत शिक्षाहरु दिईएको थियो भने ८० जना महिलाहरु सहभागी भएका थिए ।

**२. विद्यालयमा अभिमुखीकरण कक्षा:**



यही माघ १९ देखि २१ सम्म बुखेल गा.वि.स. को ३ वटा विद्यालयहरुमा स्वास्थ्य सरसफाई तथा फोहोर व्यवस्थापन सम्बन्धि ज्ञान तथा चेतना जगाउने उद्धेश्यले अभिमुखीकरण कक्षा संचालन गरिएको थियो ।

**३. समुह व्यवस्थापन तथा नेतृत्व विकास तालिम:**

दाउन्ने देवी गा.वि.स. नवलपरासीमा हालै गठन गरीएको महिला समुहहरुमा समुह व्यवस्थापन तथा नेतृत्व विकास तालिम फागुन १७ देखि २० सम्ममा संचालन गरिएको थियो । तालिममा समुहलाई कसरी व्यवस्थापन तथा नेतृत्व गर्ने भन्ने विषयमा सिकाइएको थियो । उक्त तालिममा १५७ जना महिलाहरु सहभागी भएका थिए ।

**४. हेल्प परियोजना मूल्याङ्कन:**

ब.सा.वि.से., हेल्प परियोजनाले ललितपुर जिल्लाको शंखु र बुखेल गा.वि.स.मा कार्य गर्दै आएको र यसै आर्थिक बर्षमा परियोजना समाप्त हुने भएकोले परियाजनाले सम्पन्न गरेका कार्यको मूल्याङ्कन यहि फागुन १० देखि १४ फागुनमा गरियो । सो मूल्याङ्कन गर्न दातृ निकायले बाह्य स्रोत व्यक्ती खटाएको थियो ।

*बाँकी पृष्ठ नं. ३*

## २०१४ डिसेम्बर सम्म संकलित ५ प्रतिशतको विवरण

| क्र.सं. | मण्डली वा संतगिको नाम | रकम |
|---|---|---|
| १ | कालाबन्जार बप्तिस मण्डली | रु. ५,००० |
| २ | अधेरी बप्तिस मण्डली, दुबे | रु. ५०० |
| ३ | गराँस बप्तिस संगति | रु. १,००५ |
| ४ | बिराटचोक बप्तिस मण्डली | रु. ५,०२१ |
| ५ | दर्शन बप्तिस संगती | रु. १,०१० |
| ६ | याङनाम बप्तिस मण्डली | रु. १,१०० |
| ७ | महिमा बप्तिस मण्डली | रु. १,५०० |
| ८ | फुल भन्ज्याङ्ग बप्तिस मण्डली | रु. ३०० |
| ९ | बुत्कु होशन्ना बप्तिस मण्डली | रु. ३,५०० |
| १० | लुङरुपा बप्तिस मण्डली | रु. ९,७१५ |
| ११ | नयाँ बप्तिस मण्डली | रु. २,७०० |
| १२ | उपसना बप्तिस मण्डली | रु. ५,८३० |
| १३ | अरुण बप्तिस मण्डली | रु. २,१०० |
| १४ | आराधना बप्तिस मण्डली, खोटाङ्ग | रु. २,५०० |
| १५ | इम्मानुएल बप्तिस मण्डली | रु. १,००० |
| १६ | सुङदेल बप्तिस मण्डली | रु. २,००० |
| १७ | दिक्तेल बप्तिस मण्डली | रु. ५,००० |
| १८ | छिप्रुङ्ग बप्तिस मण्डली | रु. ७,८५० |
| १९ | मामातिम बप्तिस मण्डली | रु. १,५०० |
| २० | पवित्र बप्तिस मण्डली | रु. ३,५०० |
| २१ | पाडाजुँगि बप्तिस मण्डली, | रु. २,००० |
| २२ | शालिम बप्तिस मण्डली | रु. २,१३० |
| २३ | आराधना बप्तिस मण्डली धरान | रु. ४,००० |
| २४ | बेलबारी बप्तिस मण्डली | रु. १,२५० |
| २५ | बिर्तामोड बप्तिस मण्डली | रु. ५,२०० |
| २६ | बुधबारे बप्तिस मण्डली | रु. २,४४८ |
| २७ | फिदिम बप्तिस मण्डली | रु. ८,१३० |
| २८ | खानी बप्तिस मण्डली | रु. ५०० |
| २९ | ताप्लेजुङ बप्तिस मण्डली | रु. ५,००० |
| ३० | दमक बप्तिस मण्डली | रु. ७,४२९ |
| ३१ | लेटाङ बप्तिस मण्डली | रु. १८,६५५ |
| ३२ | बिराटचोक बप्तिस मण्डली | रु. १६,५३५ |
| ३३ | बुधबारे बप्तिस मण्डली | रु. ५,६३८ |
| ३४ | टाँढी बप्तिस मण्डली | रु. ६,५०० |
| ३५ | जैतुन बप्तिस मण्डली | रु. ५,०२० |
| ३६ | शान्तिनगर बप्तिस मण्डली | रु. १०,००० |
| ३७ | तरहरा शान्ति बप्तिस चर्च | रु. ४००० |
| ३८ | पत्करु बप्तिस मण्डली | रु.७,००० |
| ३९ | सारालुङ्ग बप्तिस मण्डली | रु. ५,५०० |
| ४० | बर्खे बप्तिस मण्डली | रु. ५,००० |
| ४१ | दिक्तेल बप्तिस मण्डली | रु. ७,००० |
| ४२ | इम्मानुएल बप्तिस मण्डली, खोटाङ्ग | रु. २,००० |
| ४३ | माम्लिङ् बप्तिस मण्डली | रु. ५,००० |
| ४४ | बेथानी बप्तिस मण्डली, बेलभरिया | रु. १०६० |
| ४५ | मेसेडोनिया बप्तिस मण्डली | रु. ७,००० |
| ४६ | कावासोती बप्तिस मण्डली | रु. ११,५३१ |
| ४७ | लिभिङ्ग बप्तिस मण्डली, नखिपोट | रु. ७२,५०३ |
| ४८ | ख्रिष्टिय बप्तिस मण्डली | रु. ५,००० |
| ४९ | लिभिङ्ग बप्तिस मण्डली, ठैब | रु. १०,००० |
| ५० | मेघौली बप्तिस मण्डली | रु. ५,२०० |
| ५१ | काठमाडौं बप्तिस मण्डली | रु. १,१४३ |
| ५२ | लिभिङ्ग बप्तिस मण्डली, सल्लाघारी | रु. १०,००० |
| ५३ | आशिष बप्तिस संगति, इमाडोल | रु. ५५९ |
| ५४ | पड्रिया बप्तिस मण्डली | रु. १,३९० |
| ५५ | हर्दी बप्तिस मण्डली | रु. ६४३ |
| ५६ | टाँडी बप्तिस मण्डली | रु. ४१० |
| ५७ | महिमा बप्तिस संगति, कपन | रु. २,७०५ |
| ५८ | भरतपुर बप्तिस मण्डली | रु. ७,२०० |
| ५९ | गेत्समनी बप्तिस मण्डली | रु. ५,००० |
| ६० | मुक्ति बप्तिस मण्डली | रु. ५,००० |
| ६१ | आशिष बप्तिस संगति | रु. ५०० |
| ६२ | अनुग्रह, मकवनपुर | रु. ९०२ |
| ६३ | अत्तरखेल बप्तिस मण्डली | रु. १,९०० |
| ६४ | सुनाकोठी बप्तिस संतगि | रु. १,८३१ |
| ६५ | चापागाउँ बप्तिस मण्डली | रु. ३,७१२ |
| ६६ | लिभिङ्ग बप्तिस मण्डली, धुम्बराही | रु. ५,९०० |
| ६७ | लिभिङ्ग बप्तिस मण्डली, चौधरे | रु. ४,००० |
| ६८ | भोजार्ड बप्तिस मण्डली, चितवन | रु. १,०१९ |
| ६९ | सिन्धुली बप्तिस मण्डली | रु. ९५० |
| ७० | फैथ बप्तिस मण्डली | रु. ४५० |
| ७१ | कुलेखानी बप्तिस मण्डली | रु. ५१ |
| ७२ | गोर्खा बप्तिस मण्डली | रु. ३,००० |
| ७७ | फसेराफसेर्नी बप्तिस मण्डली | रु. ४,२५० |
| ७४ | बैरेनी बप्तिस मण्डली | रु. १,२०० |
| ७५ | महिमा बप्तिस मण्डली, पाल्पा | रु. २०,००० |
| ७६ | बेथानी बप्तिस मण्डली, बुटवल | रु. ३६,३४७ |
| ७७ | पोखरा बप्तिस मण्डली | रु. १०,००० |
| ७८ | बेथानी बप्तिस मण्डली, प्रगतीनगर | रु. १,००० |
| ७९ | मदननगर बप्तिस संगति, सुर्खेत | रु. १५० |
| ८० | लिभिङ्ग बप्तिस मण्डली, सुर्खेत | रु. २,९०० |



# नेपाल बप्तिस बाइबल कलेजका गतिविधिहरु

## सि.टि.एच. तालिम दिक्षान्त समारोह



*दिक्षान्तपछि सामुहिक तस्बिर खिचाउँदै (पोखरा) ।*

एशियन थियोलोजिकल संघमा आबद्व नेपाल बप्तिस बाइबल कलेजको ईश्वरशास्त्रीय प्रमाण पत्र तहमा अध्ययनरत मोरङ्ग केन्द्र स्थित विराटचौक बप्तिस मण्डलीमा फागुन १५ गते २३ जना विद्यार्थीहरु दिक्षान्तित भएकाछन् । दिक्षान्तित विद्यार्थीहरुलाई कलेजले एक भव्य समारोहका बीच दीक्षान्त गरेको थियो। जीवन रुपान्तरण गर्ने अभियानमा समर्पित भन्ने मुख्य लक्ष्य राखेर विगत साढे ३ वर्षदेखि संचालित सो अध्ययनमा ईश्वरशास्त्रीय विभिन्न १२ वटा विषयमा अध्ययन सम्पन्न भएको थियो । समापनका अवसरमा नेपाल बप्तिस मण्डली परिषद्का संस्थापक अध्यक्ष रेभ.पा. दानियल सुब्बा प्रमुख अतिथि रहनुभएको थियो । समारोहमा परिषद्का वर्तमान अध्यक्ष रेभ.पा. रत्न बहादुर राई, कलेजका सभापति पा. नारायण प्रसाद राई, प्रिन्सिपल सुवास प्रधान लगायतको उपस्थिति रहेको थियो। यसैगरि चैत्र १३ गते पोखरा बप्तिस मण्डलीमा पनि सि.टि.एच. कार्यक्रमाको दिक्षान्त कार्यक्रम सम्पन्न भएकोछ । उक्त दिक्षान्त कार्यक्रममा २१ जना विद्यार्थीहरु दिक्षान्ति हुनुभएको थियो।

## स्वागत कार्यक्रम तथा प्रभु भोज




*प्रिन्सिपल सुवास प्रधान प्रभु भोजको सेवाकाई गर्नुहुदै ।*

यही जनवरी २५, २०१५ मा नेपाल बप्तिस बाईबल कलेजको स्वागत कार्यक्रम सम्पन्न भएकोछ । बाइबल कलेजको सेवाकक्ष (चैपल) मा सम्पन्न उक्त कार्यक्रमा सम्पूर्ण विद्यार्थीहरु, कर्मचारी साथै विषयगत शिक्षकहरुलाई नयाँ सत्रको लागि स्वागत गरिएको थियो । कलेजका एकाडेमिक डिन सन्तोष वस्नेतले सभापतित्व गर्नुभएको उक्त कार्यक्रममा कलेजका प्रिन्सिपल सुवास प्रधानले पवित्र धर्मशास्त्रबाट वचनको सेवाकाई गर्नुभएको थियो। उहाँले विद्यार्थीहरुलाई ख्रीष्टमा बलियो भएर बढ्न वचनबाट उत्साह दिनुभएको थियो । तपाई ख्रीष्टमा बढिरहनु भएको छ कि छैन भनेर जान्न चिन्हहरु हुन्छन्: १. तपाई सधै परमेश्वरको लागि तृषित हुनुहुनेछ, २. उहाँको धार्मिकताको लागि तृषित हुनुहुनेछ (मत्ति ६:३३) ३. उहाँको वचनको लागि तृषित हुनुहुनेछ (१ पत्रुस २:२) । उक्त स्वागत कार्यक्रम प्रभु भोजको पवित्र विधिमा सहभागी भएर समापन गरिएको थियो ।

## NBBC प्रार्थना र दर्शन कार्यशाला गोष्ठी



*गोष्ठीमा सहभागीहरु*

मिति २०१५, जनवरी १४-१५ तारिखमा नेपाल बप्तिस बाइबल कलेजको प्रार्थना र दर्शन कार्यशाला गोष्ठि धुलिखेल भिलेज रिसोर्ट, धुलिखेलमा सम्पन्न भएकोछ । उक्त कार्यशालामा कलेजका कर्मचारी, विषयगत शिक्षक र केही कार्यकारी समिति सदस्यहरुको सहभागिता रहेको थियो । कार्यशालाको प्रमुख सहजकर्ता वर्ल्ड भिजनका गोविन्द पौडेल हुनुहुन्थ्यो । यो कार्यशाला कलेजको दर्शन पुरा गर्नको लागि प्रभावकारी तरिकाले प्रार्थना र काम गर्नको निम्ति लाफदायक भएको थियो । साथै उक्त समयमा बाइबल कलेजको विभिन्न विषयको लागि प्रार्थना गरिएको थियो ।

## सि.टि.एच. कार्यक्रम




*सि.टि.एच. कार्यक्रम, मोरङ्गमा सहभागीहरु ।*

नेपाल बप्तिस बाइबल कलेजले स्थानीय पाष्टर तथा अगुवाहरुको निम्ति विभिन्न स्थानमा सि.टि.एच. तालिम सपलता पुर्वक आयोजना गरेकोछ । विराटचौक बप्तिस मण्डली, मोरङ्गमा फेब्रुवरी २३-२६, २०१५ मा ३० जना स्थानीय पास्टर र अगुवाहरुको सहभागीतामा सि.टि.एच. तालिम सम्पन्न भएकोछ । उक्त तालिममा मिशनरी फ्रान्कलिन क्यारोङ्गले मिशन कोर्सको परिचय विषयमा सिकाउनुभएको थियो। यसैगरि मार्च १-६ मा ग्रेस बप्तिस मण्डली, बौद्ध मा १८ जना सहभागीहरुको सहभागितामा जिवन श्रेष्ठ र रुवेन राईले पुरानो नियम र नयाँ नियम बारेमा सिकाउनुभएको थियो । पोखरा बप्तिस मण्डली, कास्कीमा मार्च २३-२७ मा सम्पन्न सि.टि.एच. तालिममा बाइबल कलेजका सभापति पा. जोन नारायण राईले मण्डली प्रसाशन र व्यवस्थापनको बारेमा सिकाउनुभएको थियो ।

## ब.सा.वि.से.को गतिविधिहरु....

मूल्याङ्कन कार्यले चौघरे, शंखु, बुखेल र मानिखेल गरी ४ वटा गा.वि.स. समेटेको थियो ।

**५.समूह निर्माण तालिम:**




ब.सा.वि.से.का कर्मचारीहरुको क्षमता अभिवृद्धी गर्ने उद्धेश्यले ३ दिने समूह निर्माण तालिम, क्वालिटी फुडल्याण्ड क्याफे, ललितपुरमा सम्पन्न गरिएकोछ। उक्त तालिमलाई श्री नारायण प्रसाद राईले सहजीकरण गर्नुभएको थियो जसमा १३ जना सहभागीहरु सहभागि भएका थिए।

## युवा सचिव नियुक्ती

नेपाल बप्तिस मण्डली परिषद्को युवा विभाग नेपाल बप्तिस युवा संगतिको रिक्त रहेको सचिव पदमामा धापाखेल बप्तिस मण्डलीको सदस्य श्री कमल शिवाकोटीलाई फेब्रुअरी, २०१५ बाट लागु हुने गरि नियुक्त गरिएको छ । भुतपूर्व सचिव श्री प्रेम नारायण भट्टराईको राजिनामा पछि रिक्त रहेको उक्त पदमा खुल्ला प्रतिस्पर्धाबाट उहाँलाई नियुक्त गरि पदपुर्ति गरिएको हो ।

## मण्डली घोषणा र सेवक अभिषेक

मिति २०१५ मार्च ८ मा जितपुर बप्तिस मण्डली, चितवन मण्डली घोषणा मध्यमाञ्चल क्षेत्रिय बप्तिस मण्डली संघका अध्यक्ष पा.मोहन चम्लागाईले गर्नुभएको थियो । सो अवसरमा धापाखेल बप्तिस मण्डली, ललितपुरका रेभ. हरी गुरुङ्ग, रेभ. विमल सोदेम्वा, चितवन बप्तिस मिशनका अध्यक्ष पा. मुन्ना गुरुङ्ग लगायत स्थानिय मण्डलीका पास्टर अगुवाहरुको उपस्थिति रहेको थियो । यस मण्डलीको अगुवा श्री सहदेव महर्जन हुनुहुन्छ। यसैगरि मिति २०१५ जनवरी ६ मा दोरङ्गी बप्तिस मण्डली, चितवन मण्डली घोषणा क्षेत्रका अध्यक्षले गर्नु भएको थियो। उक्त कार्यक्रममा क्षेत्रका उपाध्यक्ष पा. रुवेन चौधरी लगायत स्थानिय मण्डलीका पास्टर अगुवाहरुको उपस्थित रहेको थियो । यस मण्डलीको अगुवा श्रीमति सावित्री चौधरी हुनुहुन्छ । मिति २०१५ फेब्रुवरी २१ तारिखका दिन लिभिङ्ग बप्तिस मण्डली, लालितपुरका सदस्यहरु दिपक कुमार लामिछाने, देवानन्द कडरिया, गजेन्द्र तामाङ्ग र नविन मोक्तानलाई सेवक अभिषेक गरिएकोछ । उहाँहरुलाई नेपाल बप्तिस मण्डली परिषद्का महासचिव रेभ. जीरमान राईले सेवक अभिषेक गर्नुभएको थियो ।



## मण्डली भवन उद्घाटन तथा समर्पण



मिति २०१५ फेब्रुवरी १५ तारिख महिमा बप्तिस संगति, कपनको नयाँ मण्डली भवन धापाखेल बप्तिस मण्डली, ललितपुरको पास्टर रेभ. हरि गुरुङ्ग ज्यूको बाहुलीबाट उद्घाटन गरिएको थियो । उक्त उद्घाटन कार्यक्रममा नेपाल बप्तिस मण्डली परिषद्का महाचिव रेभ. जीरमान राई, मिशन निर्देशक रेभ. विजय थापा लगायत उपत्यकाका विभिन्न मण्डलीका पास्टर तथा अगुवाहरुको उपस्थिति रहेको थियो। यस संगतिका पास्टर रेभ. रत्न बहादुर बान्तवा राई हुनुहुन्छ।

## पास्टर काउन्सीलको रिट्रिट सम्पन्न



*रिट्रिटमा सहभागीहरु ।*

मिति २०१५ मार्च २ देखि ४ तारिख सम्म पास्टर काउन्सीलको रिट्रिट ललितपुरको आनन्दवन अस्पतालमा सम्पन्न भएकोछ । उक्त रिट्रिट मध्माञ्चल क्षेत्रिय बप्तिस मण्डली संघको आयोजनामा भएको थियो । सो रिट्रिटमा बेथस्दा इन्टरनेशल ल्याग्वेज इन्स्टीच्युटका रामु रायमाझी र मुक्ति ढकाल सहजकर्ताहरुले गर्नुभएको थियो। उक्त रिट्रिटमा १३ जना पास्टर तथा अगुवाहरुको सहभागिता रहेको थियो । यस अवसरमा आनन्दवन अस्पतालले दिदै आएको विभिन्न सेवा सुविधा सम्बन्धि नजिकबाट बुझ्ने अवसर सहभागीहरुले पाएका थिए ।

## महिला संगतिको दशौं अधिवेशन....



*सम्मानित दिदी-बहिनीहरुको साथमा परिषद्का विभागीय प्रमुख र समिति सदस्यहरु।*

कोषाध्यक्षः माला थापा, सुनाकोटी बप्तिस संगति, ललितपुर नेपाल बप्तिस महिला संगतिको विधान अनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मात्र अधिवेशनले चयन गर्दछ भने सम्पूर्ण विभाग र क्षेत्रीय संघहरुको अध्यक्ष र सजिवहरु पदेन सदस्य हुने गर्दछ। यस महाधिवेशनको अवसरमा बप्तिस महिला संगतिको समितिमा रहेर विगत समयहरुमा प्रशंसनीय योगदान पुऱ्याउनु भएका २४ जना दिदी-बहिनीहरुलाई प्रशंसा पत्र दिएर सम्मान गरिएको थियो । जसमध्ये माया गुरुङ्ग, अनीता बस्याल, उर्मिला राई, जमुना गिरी, सविना चाम्लिङ्ग, अरुणा खतिवडा, मिका राई, सुजन बस्याल उपस्थित हुनुभएको थियो ।

## एक दिने बाल कार्यक्रम....

उपस्थित बालबालिकाहरुलाई थप हौसला दिनको लागी शान्ति स्थापना ईसाइ समाज र बेलबारी इसाई समाजका समिति सदस्य लगायत स्थानिय मण्डलीका पास्टरहरु पनि सहभागी हुनुभएको थियो ।

उक्त कार्यक्रममा शालिम बप्तिस मण्डलीका पा. खगेन्द्र श्रेष्ठ ज्यूले बालबालिकाहरुको महत्वलाई सम्बोधन गर्दै मण्डलीका बालबालिका र बाल संगतिका शिक्षक-शिक्षिकाहरुलाई आवश्यक तालिम र परामर्श प्रदान गर्दै आइरहेको बताउनु भयो । बेलबारी इसाई समाजका सल्लाहकार पा. पावल घिमालज्यूले पनि बालबालिका केन्द्रित कार्यक्रम र तालिमहरुको कमि महशुस भएको र आउने समयहरुमा नियमितरुपमा बाल केन्द्रित कार्यक्रमहरु आयोजना गरिरहनु पर्ने आवश्यक रहेको धारणा राख्नु भएको थियो ।



*हाजिरी-जवाफ प्रतियोगीताका विजेताहरु*

नेपाल बप्तिस बाल संगतिका संयोजक सरोज राई पनि यस कार्यक्रममा सहभागी हुनुभएको थियो। उहाँले बालबालिकाहरुको बिचमा उत्साहको वचन बोल्नुभएको थियो भने स्थानीय साथै शिक्षक-शिक्षिका र पास्टरहरुसँग बाल संगतिको अवस्था र आवश्यक्ता बारे बुझ्नु भएको थियो। स्थानिय बप्तिस मण्डलीहरुले बालबालिकाहरुको निम्ति आफै पहल गरी यस्ता कार्यक्रमहरु आयोजना गर्नु एक उदाहरणीय कार्य हो । संगठन र संस्थाहरुमा मात्र निर्भर भई कार्यक्रम तर्जुमा गर्नु भन्दा स्थानिय मण्डली स्वयम आफैले बालबालिकाहरुको सर्वाङ्गिण विकासको निम्ति पाइला चाल्दा प्रभावकारी हुनको साथै प्रतिफल पाउन पनि सकिन्छ ।

# बहुउद्देश्यीय सामुदायिक विकास सेवा

नेपाल वप्तिस मण्डली परिषद्को सामाजिक सेवा विभाग

## आवश्यकता

बहुउद्देश्यीय सामुदायिक विकास सेवा (ब.सा.वि.से), नेपाल वप्तिस मण्डली परिषद्को एक सामाजिक सेवा गर्ने विभागको रुपमा स्थापना भएको एक गैर सरकारी संस्था हो। यो संस्था दर्ता ऐन, २०३४ वमोजिम नेपाल सरकारमा वि.सं. २०५१ मा दर्ता भई दर्ता नं. ०५१/०५२/७१ प्राप्त गरी देशका विभिन्न स्थानहरुमा सामुदायिक विकास सम्बन्धि कार्यक्रमहरुमा संलग्न छ । गरिब तथा सिमान्तकृत मानिसहरुको जीवनस्तर अभिबृद्धि गर्ने लक्ष्यका साथ विशेष गरी स्वास्थ्य तथा सरसफाई, वातावरण संरक्षण, शिक्षा, सामाजिक आर्थिक विकास तथा दिगो विकास कार्यक्रम जस्ता विकासका कार्यक्रमहरु यो संस्थाले संञ्चालन गर्दै आएको छ । राष्ट्र विकासको लागि सकारात्मक योगदान दिन यस खीष्टियन संस्थाले समुदायलाई सशक्तीकरण गर्दै दिगो विकास कार्यलाई अगाडि सारेको छ। समाज रुपान्तरणको लागि ब.सा.वि.से. र समदुायसँगै मिलेर स्थानीय समुदायको आवश्यकता पहिचान गर्दछ र व्यक्ति, समूह र स्थानीय साझेदार संस्थाहरुसँग मिलेर काम गर्दछ। यसै क्रममा वप्तिस युवाहरुको क्षमता अभिवृद्धि गर्दै तालिम प्रदान गरी सक्षम बनाई जोशिला युवाहरुलाई समुदायमा नून र ज्योतिको रुपमा पठाउने उद्देश्यका साथ बहुउद्देश्यीय सामुदायिक विकास सेवा यस्तै अवसरको प्रतिक्षामा रहेका इच्छुक जवानहरुलाई प्रशिक्षार्थी/ईन्टर्नशीपको लागि निवेदन दिनहुन आव्हान गर्दछ।

**शर्तहरुः**

क. नेपाल वप्तिस मण्डली परिषद् अन्तर्गत रहेको एक वप्तिस सदस्य ह'न'पर्नेछ।
ख. नेपाली नागरिक हुनुपर्नेछ।
ग. शैक्षिक योग्यता : कम्तिमा प्रवीनता प्रमाण पत्र तह/१०+२ वा सो सरह उतीर्ण हुनुपर्नेछ।
घ. उमेर : १८ वर्ष देखि २५ वर्ष।
ङ. ब.सा.वि.से.द्वारा निर्देशित ठाउँ (ललितपुर, मोरङ तथा नवलपरासी जिल्ला) मा काम गर्न इच्छुक अथवा सक्षम हुनुपर्नेछ।
च. नेपाल वप्तिस मण्डली परिषद् तथा ब.सा.वि.से. को मुल्य मान्यता, दर्शन, धेय, लक्ष्य तथा उद्देश्य प्रति समर्पित हुनुपर्नेछ।
छ. गरिब तथा अज्ञानतामा रहेका मानिसहरुप्रति वास्ता साथै सिक्नलाई तत्पर हुनुपर्नेछ।
ज. कार्य अवधि भित्र आईपर्ने चुनौतिहरु साथै परिस्थितिहरुलाई समाञ्जयस गर्न सक्ने हुनुपर्नेछ।
झ. कम्प्यूटर ज्ञान (MS-Word, Excel and Power-point, Email/Internet) साथै नेपाली/अंग्रेजी टाइप गर्न सक्ने हुनुपर्नेछ।
ञ. नेपाली तथा अंग्रेजी भाषामा दख्खल भएको हुनुपर्नेछ।
ट. स्थानीय मण्डलीबाट सिफारिस।

**पुनश्चः** यो प्रशिक्षार्थी/ईन्टर्नशीप अवधि पछि निवेदकलाई ब.सा.वि.से.मा रोजगार दिने निश्चयता प्रदान गर्नेछैन, यो युवाहरुलाई तालिम दिएर सर्वाङ्गीण सेवकाईमा सक्षम बनाउनमा लक्षित छ। प्रारम्भिक छनौटमा परेकाहरुलाई मात्र अन्तवार्ताको लागि सम्पर्क गरिनेछ।

**निवेदन आईपुग्नुपर्ने अन्तिम मिति : जुन २१, २०१५/असार ६, २०७२**

**सम्पर्क ठेगाना :** Multipurpose Community Development Service (MCDS)
P.O. Box 8975, EPC 1051, Kathmandu, Nepal
Contact No. 0977-01-2230245
Email ID : mcds.executivedirector@gmail.com




यस बप्तिस भ्वाईसमा मण्डलीका विभिन्न गतिविधि, लेख, रचना तथा तपाईंहरुको कुनै पनि सुझाव सल्लाह, प्रतिकृयाहरु निम्न ठेगानामा पठाई सहयोग गर्न हुन अनुरोध गर्दछौं।-सम्पादक मण्डल
POB 8975 EPC 1051; Kathmandu, Nepal
Email : baptistvoice2011@gmail.com

| नाम र ठेगाना | |
|---|---|


सम्पादक मण्डल : रेभ. विजय थापा, दिपक लामिछाने। डिजाइनर : ध्यानश्वर राई। सल्लाहकार : रेभ. जिरमान राई